दुप्चेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ६ संख्या ७ मंसिर २५, २०७९ साल

## भाग-२

**दुप्चेश्वर गाउँपालिकाको**

**गाउँ कार्यपालिकाको कार्यालय**

**नुवाकोट**

बागमती प्रदेश, नेपाल

# विरामी उपचारको लागी आर्थिक सहायता प्रदान गर्ने सम्वन्धि कार्यविधी २०७९

## प्रस्तावना

विश्वव्यापी रुपमा बढ्दै गएको विभिन्न नसर्ने प्राणघातक रोगहरु वर्तमान अवस्थामा मानव सभ्यताको मुख्य समस्याको रुपमा विकसित हुंदै आएको पाइन्छ । क्यान्सर, मुटु रोग, मृगौला रोग आदी लगाएतको रोगको कारण ज्यान गुमाउनेहरुको संख्या समेत दिन प्रति दिन बढ्दो रुपमा छ । यस्ता रोगहरुको उपचार अत्यन्तै खर्चिलो तथा महंगो हुने हुँदा अर्थिक रुपमा विपन्न व्यक्तिहरु उपचारको पहुँच सम्म पुग्न नसक्ने र उपचार गराउने क्रममा भएको सम्पत्ति पनी सकिने समस्या समेत देखिएको छ । दुप्चेश्वर गाउँपालिका आर्थिक र भौगोलिक रुपमा पछाडी रहेको गाउँपालिका हो । यहाँको अधिकांस मानिस गरिविको रेखामुनी छन् । तसर्थ यस गाउँपालिका भित्रको मानिसहरु लाई यस्ता किसिमका रोग लागेर उपचार गर्ने क्रममा केही हद सम्म भए पनी आर्थिक राहत प्रदान गर्ने उदेश्यले दुप्चेश्वर गाउँपालिकाले **“विरामी उपचारको लागी आर्थिक सहायता प्रदान गर्ने सम्वन्धि कार्यविधी २०७९”** लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

### १.१ संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधीलाई **“विरामी उपचारको लागी आर्थिक सहायता प्रदान गर्ने सम्वन्धि कार्यविधी २०७९”** भनिने छ ।

(ख) यो कार्यविधी गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भए पश्चात तुरुन्त लागु हुनेछ ।

## १.२ परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः

(क) **"कार्यविधी"** भन्नाले दुप्चेश्वर गाउँपालिकाको **"विरामी उपचारको लागी आर्थिक सहायता प्रदान गर्ने सम्वन्धि कार्यविधी २०७९"** लाई सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले दुप्चेश्वर गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **"अस्पताल"** भन्नाले सरकारी, निजी वा गैर सरकारी स्तरबाट संचालित विरामी भर्ना गरी उपचार गर्ने विशेषज्ञ सेवा सहितको जिल्ला, प्रादेशीक वा केन्द्रिय स्तरको अस्पताल लाई सम्झनु पर्दछ ।

(घ) **"उपचार"** भन्नाले मानिसको स्वास्थ्य सम्वन्धि समस्याको कारण स्वास्थ्य लाभको लागी गरिने औषधी उपचार लाई सम्झनु पर्दछ ।

(ङ) **"आर्थिक सहायता"** भन्नाले यस कार्यविधी अनुसार विरामीको उपचारको लागी प्रदान गरिने रकम लाई सम्झनु पर्दछ ।

(च) **"विरामी"** भन्नाले शारिरिक वा मानसिक स्वास्थ्यमा प्रतिकुल असर परि स्वास्थ्य अवस्था विग्रीएर यस

कार्यविधीले तोके बमोजिमको रोग निदान भएको व्यक्तिहरु बुझिन्छ ।

## परिच्छेदः २

## आर्थिक सहायता प्राप्त गर्न सक्ने लक्षित समुह वा रोगहरु सम्बन्धी व्यवस्था

(२.१) यस कार्यविधी अनुसार तपसिल बमोजिम रोग निदान भएका यस गाउँपालिका भित्रको स्थायी नागरिक वा गाउँपालिका भित्रको सरकारी वा सार्वजनीक कार्यालयमा कार्यरत कर्मचारीहरुले मात्र आर्थिक सहायता प्राप्त गर्ने छन् ।

१ मृगौला रोग : मृगौला प्रत्यारोपण गर्नुपर्ने विरामी वा प्रत्यारोपण पश्चात् गरिने उपचार

: अल्पकालिन रुपमा मृगौलाले काम नगरेर डायलाइसिस गर्नु पर्ने विरामी

: Acute Glumerulo Nephritis, Nephrotic Syndrom

: दुवै मृगौला फेल भएका विरामी

२ मुटु रोग : विभिन्न प्रकारको मुटु रोग जस्तै महाधमनीको सल्यक्रिया गर्नु पर्ने विरामी

: मुटुमा पेसमेकर वा स्टेन्ट राख्नुपरेमा, एब्लेसन गर्नु परेमा

: मुटुको भल्व पुर्ण रुपमा क्षती भएमा वा मुटु फेल भएका विरामी

३ क्यान्सर : विभिन्न प्रकारको क्यान्सर रोग, ट्युमर, ल्युकेमिया ।

४ पार्किन्सन रोग

५ अल्जाइमर रोग

६ स्पाइनल इन्जुरी

७ हेड इन्जुरी

८ सिकलसेल एनिमिया

(२.२) उक्त रोगहरु निदान भएका व्यक्तिले एक आर्थिक वर्षमा एक पटक मात्र आर्थिक सहायता प्राप्त गर्ने छन् ।

## परिच्छेदः ३
## आर्थिक सहायता सम्बन्धी व्यवस्था

(३.१) परिच्छेद २ बमोजिमको रोग निदान भएका व्यक्तिलाई निम्नानुसार रकम उपचारको लागी आर्थिक सहायता प्रदान गरिनेछ ।

(क) गाउँपालिका भित्रको स्थायी नागरिक लाई प्रति व्यक्ति एकमुष्ठ रु. २५,०००। (अक्षरुपी पच्चिस हजार रुपैंया मात्र) ।

(ख) गाउँपालिका भित्रको सरकारी वा सार्वजनिक कार्यालयमा स्थायी वा करार सेवामा कार्यरत कर्मचारीहरु लाई एकमुष्ठ रु. २५,०००। (अक्षरुपी पच्चिस हजार रुपैंया मात्र) ।

(ग) गाउँपालिका भित्रको निर्वाचित जनप्रतिनीधीहरु लाई एकमुष्ठ रु. २५,०००। (अक्षरुपी पच्चिस हजार रुपैंया मात्र) ।

(घ) गाउँपालिका भित्रको महिला स्वास्थ्य स्वयं सेविकाहरु लाई एकमुष्ठ रु. ५०,०००। (अक्षरुपी पचास हजार रुपैंया मात्र) ।

(ङ) कुनै व्यक्ति, कर्मचारी वा जनप्रतिनीधी आफु स्वयं विरामी भएमा मात्र यो सेवा प्राप्त गर्ने छन्, परिवारको अन्य सदस्य विरामी भएर यो सेवा प्राप्त गर्न सकिने छैन ।

(च) मृगौला प्रत्यारोपण गर्नुपर्ने वा गराईसकेका विरामीलाई एक पटक एकमुष्ठ रु. ५०,०००। ( अक्षरुपी पचास हजार रुपैंया मात्र) । उपलब्ध गराउन सकिने छ ।

## परिच्छेदः ४
## आर्थिक सहायता प्राप्त गर्ने प्रक्रिया

(४.१) तोकिय बमोजिमको रोगको निदान भए पश्चात् सम्वीन्ध अस्पतालको सिफारिस वा रोग निदान भएको रिर्पोट, अस्पतालको टिकट र अन्य कागजपत्रहरु, विरामीको नागरिकता लिएर वडा कार्यालयमा सिफारिसको लागी निवेदन दिने ।

(४.२) वडा कार्यालयको स्पस्ट रोग र परिचय खुल्ने सिफारिस पत्रको साथमा अस्पतालको सिफारिस वा रोग निदान भएको रिर्पोट, अस्पतालको टिकट र अन्य कागजपत्रहरु, विरामीको नागरिकताको प्रतिलिपी, विरामीको बैंक खाताको चेकको प्रतिलिपी राखी गाउँपालिकाको कार्यालयमा विरामी स्वयं वा नजिकको आफन्तले निवेदन दिने ।

(४.३) गाउँपालिकाले उक्त कागजपत्रहरु अध्ययन गरी आधारभुत स्वास्थ्य तथा सरसफाई शाखाको राय वा सिफारिसमा सम्वन्धित विरामीको बैंक खाता मार्फत निवेदन दर्ता भएको मितिले बढिमा एक हप्ता भित्र रकम भुक्तानी गर्ने छ । यदि विरामी स्वयंको नाममा बैंक खाता नभएमा वा विरामीको खाता बाट रकम निकाल्न समस्या हुन्छ भने वडाको सिफारिस र नाता प्रमाणित पत्रको आधारमा विरामीको श्रीमान/श्रमिती, बाबु/आमा, छोरा/छोरी वा नाती/नातिनीको खातामा रकम उपलब्ध गराउने छ ।

## परिच्छेदः ५
## विविधः

(५.१) यो कार्यबिधी आवश्यकता अनुसार गाँउकार्यपालिकाले अद्यावधिक गर्दै लगिनेछ ।

(५.२) झुटो विवरण पेस गरेको पाइएमा विरामी स्वयं जिम्मेवार हुनु पर्नेछ ।

(५.३) अति असाहाय, अति गरिव, एकल बृद्ध/बृद्धा, अपाङ्ग, असक्त, अनाथ बालबालिकाहरु लाई अबस्था हेरी परिच्छेद २ मा तोकीएको भन्दा अन्य रोगको उपचार गर्दा पनी आर्थिक सहायता प्रदान गर्न सकिने छ ।

## अनुसुचि १

## आर्थिक सहायता प्राप्त गर्न आवश्यक कागजपत्रहरु

१. विरामीको रोग निदान भएको रिर्पोट वा रोग खुल्ने गरी अस्पतालको सिफारिस
२. वडा कार्यालयको सिफारिस पत्र
३. विरामीको बैंक खाताको चेकको प्रतिलीपी र प्यान नम्वर
४. विरामीको नागरिकताको प्रतिलिपी
५. निवेदन